विरुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विरुवा, स्याङ्जा ।
गण्डकी प्रदेश,नेपाल
० ६१-६२०९१४

# दरभाउपत्र आव्हांन सम्बन्धी सूचना ।

**प्रथम पटक प्रकाशित मिति २०७६।०३।२०**

**"स्थानीय सरकार संचालन ऐन २०७४"** ले दिएको अधिकार प्रयोग गरी विरुवा गाउँपालिकाको मिति २०७६।०३।१० को पाँचौ गाउँ सभाको निर्णय अनुसार यस गाउपालिकाको आ.व.२०७६।७७ को लागि निम्न शिर्षकमा सेवा शुल्क दस्तुर (ठेक्का बन्दोबस्त गर्ने) प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ ।तोकिएको न्युनतम अंकमा नघट्ने गरी यस विरुवा गाउँपालिकाको website www.biruwamun.gov.np मा उल्लेख गरे बमोजिमको शर्तहरुको अधिनमा रही धरौटी वापतको कबुल गरेको अंकको ५ (पाँच) प्रतिशत रकम यस कार्यालयको एभरेष्ट बैक लिमिटेड विरुवा शाखाको धरौटी खाता नं ०६३००१०५२०००५० मा जम्मा गरी सक्कल भौचरका साथ यो सूचना प्रकाशित मितिले ७ (सात) दिन कार्यालय समय भित्र दरभाउ पत्र फाराम खरिद गरी सो को भोलि पल्ट ८ (आठ) औ दिनको १२ बजे भित्र रितपुर्वक शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिन्छ ।

| क्र.स. | सूचना नं | ठेक्काको नाम | आ.व.२०७६।७७ को लागि न्यूनतम अंक रु | दरभाउपत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १. | १ | राङखोला विरुवा ग्रामिण सडक | १,८०,०००/- | १,०००/- | सडक उपयोग मर्मत शुल्क |

(भेषराज आचार्य)
प्रमुख प्रशासकीय अधिकृत

शर्तहरु :

१) दरभाउपत्र पेश गर्दा दरभाउपत्र पेश गर्ने फर्म वा संघ संस्थाको फर्म दर्ता प्रमाणपत्र नविकरण गरेको, स्थायी लेखा नं, मु.अ.कर दर्ता प्रमाणपत्र, कर चुक्ताको प्रतिलिपि सहित निवेदन दिई तोकिएको दस्तुर नगदै तिरी पछि फिर्ता नहुने गरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन २०७६।०३।२६ गते सम्म कार्यालय समय भित्र यस कार्यालयबाट दरभाउपत्र फाराम खरिद गर्न सकिने छ ।

२) दरभाउपत्र ८ (आठ) औ दिन मिति २०७६।०३।२७ गते शुक्रबार मध्यान्ह १२ बजे भित्र यस कार्यालय दर्ता गर्नु पर्नेछ । दरभाउपत्र दाखिला गर्दा शिलबन्दी गरि कार्यालयको नाम, ठेक्का नं. र कामको नाम तथा दरभाउपत्रदाताको नाम, ठेगाना स्पष्ट रुपमा खाम वाहिर उल्लेख गर्नु पर्नेछ । दरभाउपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्बजनिक विदा परेमा उक्त कार्य तत्पश्चात लगतै कार्यालय खुलेको दिनमा हुनेछ ।

३) दरभाउपत्र साथ आफुले कवोल गरेको जम्मा अंकको ५ प्रतिशतले हुन आउने जमानत रकम यस कार्यालयको एभरेष्ट बै.लि.विरुवा शाखा स्थित ०६३००१०५२०००५० धरौटी खातामा जम्मा गरेको सक्कलै बैक भौचर पेश गर्नु पर्नेछ ।

४) म्याद भित्र पेश हुन आएका दरभाउपत्र पेश गर्ने अन्तिम दिन मिति २०७६।०३।२७ गते अपरान्ह १ बजे पछि दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । म्याद नाघी आएको, कार्यालयबाट बिक्री नभएको दरभाउपत्र फाराम भरी आएको, दरभाउपत्रदाताको हस्ताक्षर एवं छाप नभएको, प्रचलित कानुनको रित नपुगेको र शर्त राखी पेश भएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

५) दरभाउपत्रमा आफुले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ

६) दरभाउपत्र स्विकृत भएमा स्विकृत भएको सूचना प्राप्त भएको मितिले बाटोको म्याद वाहेक ७ (सात) दिन भित्र आफुले कवोल गरेको अंकको ५० प्रतिशत रकम नगदै वा यस कार्यालयको एभरेष्ट बै.लि.विरुवा शाखा स्थित ०६३००१०५२०००४७ खातामा जम्मा गरेको सक्कलै बैंक भौचर र बाँकी ५० प्रतिशत रकमको लागि कम्तिमा २०७७ श्रावण मसान्तसम्म म्याद भएको मान्यता प्राप्त बैंकबाट जारी भएको परफरमेन्स बण्ड पेश गरि ठेक्का कबुलियत गर्न आउनु पर्नेछ । तर सम्झौताको समयमा कवोल गरेको सम्पूर्ण रकम एकमुष्ठ बुझाउनेको हकमा बैंक जमानत आवश्यक पर्ने छैन, साथै कवोल अंकमा १० प्रतिशत छुट दिईनेछ । यसरी छुट दिदा न्यूनतम अंक भन्दा कम गरिने छैन । सम्झौताको समयमा ५० प्रतिशत रकम बुझाउनेको हकमा कवोल अंकको ५० प्रतिशत किस्ता रकम र कवोल अंकको नियमानुसार लाग्ने कर समेत चुक्ता गर्नुपर्नेछ । बांकी ५० प्रतिशत मध्ये २५ प्रतिशतले हुने रकम दोस्रो किस्ता वापत २०७७ साल कार्तिक मसान्तसम्म र बाँकी तेस्रो किस्ता वापतको २५ प्रतिशत रकम २०७७ साल फाल्गुण मसान्तसम्म चुक्ता गरिसक्नु पर्नेछ । धरौटी वापत जम्मा भएको रकमलाई अन्तिम किस्तामा मिलाउन पाईने छैन । म्यादभित्र कवुलियत गर्न नआएमा नियमानुसार अर्को दरभाउपत्रदातालाई ठेक्का दिईनेछ ।

७) दरभाउपत्रदाताले दरभाउपत्र फाराममा उल्लेखित मालवस्तुमा तोकिएको दररेट अनुसार रकम उठाउनु पर्नेछ । संझौतामा उल्लेख नभएका माल वस्तु र तोकिएको दर भन्दा बढी दररेटमा रकम उठाएमा प्रचलित कानुन अनुसार कारवाही हुनेछ । कर उठाउन पाउने माल वस्तुको विवरण र दररेट दरभाउपत्र फारामसाथ उपलब्ध गराईनेछ । दरभाउपत्रदाताले उत्पादन स्थल वा तोकिएको संकलन केन्द्रमा कर लाग्ने वस्तुहरु र तिनीहरुको दर स्पष्ट देखिने गरि सूचना पाटीमा टाँस्नु पर्नेछ । ठेक्काको रकम उठाउने सम्बन्धमा आवश्यक प्रबन्ध गर्ने समेतको सम्पुर्ण दायित्व दरभाउपत्रदाताको नै हुनेछ । उक्त कारोवार गर्दा वालश्रमको प्रयोग गर्न पाईने छैन र मजदुरको हकमा जिल्ला दररेटमा कम नहुनेगरी ज्याला दिनु पर्नेछ ।

८) दरभाउपत्रदाताले गाउँपालिकाले तोकेको कर उठाउँदा प्रयोग गर्ने रसिद आफ्नै तर्फबाट छपाई सो रसिद यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ । उक्त रसिदमा स्थायी लेखा नं.उल्लेख गर्नु पर्नेछ साथै दररेट समेत रसिदमा नै उल्लेख गर्नु पर्नेछ र कति परिमाणमा रसिद प्रयोग भयो सो को विवरण चौमासिक रुपमा यस कार्यालयमा बुझाउनु पर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाएको उजुरी वा जानकारी आएमा नियमानुसार कारवाही हुनेछ ।

भेषराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

९) राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा तगारो राखी कर संकलन गर्न पाईने छैन । सरकारी वा अन्य कुनै कर, शुल्क दरभाउपत्र दाता आफैले व्यहोर्नु पर्नेछ ।

१०) सरकारी कार्यालयबाट गरिने अमानतका कार्यहरुका प्रयोग हुने सवारी साधनहरुमा गाउँपालिकाबाट लेखिए बमोजिम दरभाउपत्र दाताले छुट दिनुपर्नेछ साथै सरकारी कार्यालयका सेतो नम्वर प्लेट, कुटनैतिक नियोगका निलो नम्बर प्लेट, संस्थानहरुका पहिलो नम्वर प्लेट, पर्यटकका हरियो नम्बर प्लेट र निजी तथा सार्वजनिक स्कुलका सवारी साधनहरुमा उक्त शुल्क लिन पाईने छैन ।

११) वन्द हडताल विपत्ति वा कुनै पनि कारणले राजस्व उठाउन नपाएको भनी मिन्हाको माग दावी गर्न पाईनेछैन ।

१२) प्राप्त दरभाउपत्रहरु स्वीकृत गर्ने नगर्ने वा आंशिक रुपले स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१३) ठेक्का अवधी समाप्त भएपछि धरौटी फिर्ता लिन सम्बन्धित आन्तरिक राजस्व कार्यालयको कर चुक्ता प्रमाण पत्र पेश गर्नु पर्नेछ । आय कर तथा मुल्य अभिवृद्धि कर सम्बन्धमा प्रचलित आयकर ऐन तथा मु.अ.कर ऐन बमोजिम हुनेछ ।

१४) मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १५ (३) बमोजिम वोल अंकमा मूल्य अभिवृद्धि कर समेत जोडि असुल गरिने छ ।

१५) माथि उल्लेखित शर्तहरुको उल्लघंन गरेमा निज दरभाउपत्र धरौटी जफत गरी ठेक्का समेत तोड्न सकिनेछ ।

१६) यसमा उल्लेख भएका कुराहरुमा यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन नियमानुसार हुनेछ । साथै नेपाल सरकार र यस गाउँपालिका समय समयमा गरिएका निर्देशनहरुको दरभाउ पत्रदाताले पालना गर्नु पर्नेछ ।

१७) यस सम्बन्धमा अन्य कुनै थप जानकारी आवश्यक भएमा कार्यालय समयभित्र यस कार्यालय/राजस्व शाखामा सम्पर्क गर्न सकिने छ ।

(भेषराज आचार्य)
प्रमुख प्रशासकीय अधिकृत

भेषराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत